नेपाली / *NEPALI*

अप्रिल २८, २०२०

UW–Madison को मार्गदर्शन:
Furlough, *Work-Share* कार्यक्रम, पुनः नियुक्ति तथा बिदा प्रावधान

UW–Madison का कर्मचारीहरू जस्तोसुकै चुनौतीपूर्ण अवस्थामा पनि सामुदायिक रूपमा एकसाथ काम गर्ने र चुनौतीको सामना गर्ने बलियो परम्परा रही आएको छ। हाम्रो वर्तमान अवस्थामा पनि *COVID-19* महाव्याधिको कारणले आएको आर्थिक सङ्कट समाधान गर्न छोटो समयको लागि मितव्ययी (*cost-saving*) बाटो अपनाउन हामी बाध्य भएका छौँ।

मितव्ययिताको लागि क्याम्पस व्यापी *furlough*, *Work-Share* कार्यक्रम , कर्मचारीको पद-बिषेश *furlough* तथा पुनः नियुक्तिका प्राबधानलाई अङ्गीकार गरेका छौँ। यस पत्रमा मितव्ययिताका उपरोक्त माध्यमको साथ साथै *COVID-19 Pandemic Leave Policy* बिदा नीतिलाई प्रष्ट्याइएको छ। कर्मचारीका लागि थप सूचनाहरू र लगातार सोधिने प्रश्नहरू संलग्न लिङ्कमा उपलब्ध छन्: hr.wisc.edu/covid19/furlough.

क्याम्पस व्यापी *furlough* (*Campus-Wide Furloughs*)

मे १५ देखि अक्टोबर ३१, २०२० को बीचमा कर्मचारीहरूलाई* बिना तलबको *furlough* दिइने छ। *Furlough* कति दिन लिने भन्ने कुरो कर्मचारीको वार्षिक तलबमा निर्भर गर्दछ।

कूल तलब	१२ महिनाकोलागि तोकिएको *furlough* दिन	९ महिनाकोलागि तोकिएको *furlough* दिन
$50,000 भन्दा कम	3 दिन	2 दिन
$50,000 - $80,000	4 दिन	3 दिन
$80,001-$150,000	5 दिन	4 दिन
$150,000 भन्दा बढी	6 दिन	5 दिन

* विद्यार्धी कर्मचारीहरू, स्नातक सहायक, पोस्ट-डक्टरल, अस्थाई कर्मचारी तथा पूर्णकालिक कर्मचारी भनेर नतोकिएकाको (*non-FTE*) हकमा यो प्रावधान लागू हुने छैन।

माथि उल्लिखित *furlough* बाँडफाँट ८ घण्टा प्रतिदिनको (४ दिन बराबर ३२ घण्टा) तलब बिनाको बिदा हुनेछ। *Furlough* बाँडफाँट हाल पाइरहेको समग्र तलबको आधारमा हुनेछ। यसमा निर्धारित *furlough* नियुक्तिको प्रतिशतमा समानुपातिक हुने छैन। तलब बिनाको *furlough* लाई छल्ने नियतले यस अवधि भर कर्मचारीहरूले आफ्ना व्यक्तिगत बिदा, बिरामी बिदा, पछि पाक्ने बिदा वा कुनै पनि सञ्चित बिदा लिन पाउने छैनन्।

Furlough कर्मचारीले गुमाउने कूल आम्दानी ९ महिने नियुक्ति पाएका कर्मचारीले गुमाउने कूल आम्दानी र १२ महिने नियुक्ति पाएका कर्मचारीले गुमाउने कूल आम्दानी हाराहारी नै हुनेछ।

कर्मचारीहरूको तोकिएको *furlough* बाँडफाँट प्रक्रिया पनि सामान्य बिदा निर्धारण तथा स्वीकृतिको प्रावधान अनुसार नै हुनेछ। तर केही विशेष परिस्थितिमा भने कुनै निश्चित विभाग/कार्य-युनिटमा भने तोकिएको दिनमा मात्र कर्मचारीहरूले *furlough* लिन पाईने हुन सक्छ।

विभाग/संकाय, तथा घण्टाको आधारमा तलब पाउने कर्मचारीको हकमा *furlough* अवधि भरि (मे देखि अक्टोबरसम्म) समान बृद्धिको आधारमा तलब घटाइनेछ। अरू तलबी पदका कर्मचारीको हकमा बर्तमन तलब तलब अवधिमा लिएको *furlough* अनुसार तलब तलब घटाइनेछ। जुन हप्तामा अरू तलबी पदका कर्मचारीले *furlough* लिन्छन्, उनीहरूको तलब सोही हप्तामा घटाइनेछ।

क्याम्पस-व्यापी *furlough* भएको अवधिमा भने कर्मचारीहरूको रोजगारी *UW–Madison* का कर्मचारी सरह नै हुनेछ।

क्याम्पस-व्यापी furlough निर्धारित दिन र अन्य सम्बन्धित सूचना कर्मचारीहरूलाई मे महिनाको मध्य सम्ममा पत्रद्वारा सूचित गरिनेछ।

***Work-Share* कार्यक्रम**

क्याम्पसको कार्य युनिटहरूले कामको *Work-Share* योजना र कर्मचारीको कार्य-घण्टा घटाइने कार्यविधि मे १५, तारिख भन्दा पहिले हुनेछैन र अक्टोबर ३१, २०२० सम्म कायम रहनेछ। कामको *Work-Share* योजनाले रोजगारदातालाई कर्मचारीको १० देखि ६० प्रतिशत सम्म कार्य घण्टा घटाउन अनुमति दिनेछ र कर्मचारी आफ्नो गुमेको आम्दानीको समयको बेरोजगारी भत्ता (*unemployment benefits)* दाबी गर्न सक्नेछन्। हालै बृद्धि गरिएको केन्द्रीय बेरोजगारी बीमा कोष फाईदा (*federal funding for unemployment insurance benefits*) अनुसार यो अवस्थामा धेरै न्यून आय भएका कर्मचारीहरू जुलाई, २०२० को अन्त्यसम्म हाल खाईपाई आएको तलब बराबरको पूरक बेरोजगारी भत्ता पाउन योग्य हुनेछन्। यो कार्यक्रमको कार्यान्वयनबाट विश्वविद्यालयलाई कामको चाप कम भएको र आकस्मिक बजेट बाँडफाँटको अवस्थामा आफ्ना दक्ष कर्मचारीहरू आफूसँगै राख्न र उनीहरूको कार्य-घण्टा घटाएर पनि पूरक बेरोजगारी भत्ताको माध्यमले गुमेको तलब/आम्दानी कायम राख्न मद्दत गर्नेछ।

कामको *Work-Share* क्रममा राखिएका कर्मचारीहरू माथि उल्लिखित क्याम्पस-व्यापी *furlough* कार्यक्रममा समावेश हुने छैनन्, र उनीहरूको रोजगारी *UW–Madison* कर्मचारी सरह कायम रहनेछ।

पुनश्चः कामको *Work-Share* योजना हामीले लागू गर्नु भन्दा पहिले *Wisconsin Department of Workforce Development* बाट अनिवार्य स्वीकृति लिनु पर्नेछ। यो चाँडै स्वीकृत हुने कुरामा हामी विश्वस्त छौँ, यदि यसो नभएमा हामी विस्तृत *furlough* कार्यक्रममा जान बाध्य हुनेछौँ।

क्याम्पस-व्यापी कार्य युनिटहरू कामको Work-Share क्रमको विस्तृत सूचना र यसबाट कर्मचारीहरूमा कसरी असर भन्ने बारेमा मे महिनाको मध्य सम्ममा सूचित गरिने छ।

केही युनिटहरू मात्र दिगो रूपमा काम घटाउँदा पनि ठूलो सङ्ख्यामा कर्मचारीहरू प्रभावित हुनेछन् र उनीहरू कामको *Work-Share* योजनामा सहभागी हुन पाउनेछन्। यदि क्याम्पसका अन्य युनिटमा कर्मचारी कार्य-घण्टा समायोजन वा थप-घट गर्नु परेमा निम्न कुरामा आधारित हुने छन् – कार्यस्थल बाहिरबाट काम गर्न असमर्थ भएमा, कामको अभाव भएमा, वा बजेटको अभाव भएमा।

पुनः नियुक्ति (*Reassignments*)

सुपरभाईजरले विश्वविद्यालयको कार्य सञ्चालन आवश्यकताको आधारमा चाहिने कर्मचारी खटाउन/नियुक्त गर्न र उनीहरूको कार्य-घण्टा निर्धारण गर्ने छन्। पुनः नियुक्ति गर्दा कर्मचारीको नियमित कार्यस्थल वा पहिले गरी रहेको काम नहुन पनि सक्नेछ। यसका साथै कर्मचारीलाई अत्यावश्यक सेवा प्रदान गर्न कामको प्रकृति र कर्मचारी आवश्यकता अनुसार *UW–Madison* मा वा *State of Wisconsin* मा पनि पुनः नियुक्ति गर्न सकिनेछ।

वर्तमान क्याम्पसको आकस्मिक कामको आवश्यकता र नियमित विश्वविद्यालय सञ्चालन प्रक्रिया वा *State of Wisconsin* मा कर्मचारीको आवश्यकता अनुसार कर्मचारीको दक्षता र कार्यकुशलता परिस्थिति अनुसार प्रभावित हुन सक्नेछ।

कर्मचारीको पद-बिषेश *furlough* (*Position-Specific Furloughs*)

यदि कुनै कर्मचारी कार्य कक्ष भन्दा बाहिरबाट काम गर्न असमर्थ हुन्छ भने कामको अभावमा क्याम्पस कार्य ईकाइले उसलाई बाध्यता पूर्वक तलब बिनाको बिदा (*continuous furlough*) बस्न भन्न सक्नेछ। कार्य सञ्चालनको आवश्यकता अनुसार कर्मचारीको कार्य सूचि आंशिक वा पूरा घटाउने वा कहिले सम्म बिदा बस्ने भन्ने कुरा निर्धारण गर्नेछ।

कर्मचारीले पद-बिषेश *furlough* (*Position-Specific Furlough*) छल्न आफ्ना पाकेका बिदा, सञ्चित बिदा, बिरामी बिदा, वा व्यक्तिगत बिदा पाईने छैन, तर बेरोजगारी भत्ता (*unemployment benefits)* सुविधा लिन सक्नेछन्। बृद्धि गरिएको संघीय कोषको आधारमा न्यून आय भएका कर्मचारीहरूले पूरक बेरोजगारी भत्ता जुलाई, २०२० को अन्त्य सम्म वर्तमान पाउने तलब बराबरको रकम पाउनेछन्।

पद-बिषेश *furlough* मा रहेका कर्मचारीहरू माथि उल्लिखित क्याम्पस-व्यापी *furlough* मा समाविष्ट हुने छैनन्। यसरी प्रभावित कर्मचारीहरूको रोजगारी *UW–Madison* कर्मचारी सरह निरन्तर मानिनेछ।

क्याम्पसको कार्य ईकाइले यसरी पद-बिषेश furlough बाट प्रभावित कर्मचारीहरूलाई मे महिनाको मध्य सम्ममा आवश्यक सूचनाहरू उपलब्ध गराउनेछ।

बिना तलबको स्वैच्छिक बिदा (*Voluntary Leave without Pay*)

कर्मचारीहरू बिना तलब वा बेतलबी स्वैच्छिक बिदाको विकल्प बारेमा आफ्नो सुपरभाईजरसँग छलफल गर्न सक्नेछन्। यस्तो बिदाको समयावधि निर्धारण कर्मचारीको नियुक्ति (पूर्णकालिक वा अल्पकालिक) को आधारमा हुनेछ। यस्तो अवस्थामा भने, कर्मचारीहरू बेरोजगारी भत्ता पाउन नसक्ने हुन सक्छन्।

महाव्याधिको कारणले बिदा (*COVID-19 Leave*)

जो कर्मचारी *COVID-19* महाव्याधिबाट प्रभावित भएका छन् उनीहरू *federal program* अन्तर्गत *Families First Coronavirus Response Act (FFCRA)* भनिने तलबी बिदाको लागि डिसेम्बर ३१, २०२० सम्म योग्य हुन सक्नेछन्।

यस्ता कर्मचारीहरू जो कार्यस्थल बाहिरबाट काम गर्न नसक्ने वा महाव्याधिबाट प्रभावित भएका बिरामी छन् उनीहरू *UW COVID-19* अन्तर्गतको तलबी बिदामा मार्च महिनाको मध्य देखि मे १५, २०२० सम्म बस्न सक्नेछन्। तर यस्तो तलबी बिदा मे १५, २०२० पछि भने उपलब्ध हुनेछैन।

अधिक जानकारीको लागि *COVID-19 Pandemic Leave Policy* हेर्नुहोला।

थप सहायक सामग्रीहरू (Additional Resources)

- *Furlough*, *Work-Share* योजना, पुनः नियुक्ति र बिदाहरू लगायतका विस्तृत सूचनाहरू एवं लगातार सोधिने प्रश्नका उत्तरहरू hr.wisc.edu/covid19/*furlough* मा उपलब्ध छन्।

- यदि तपाईंलाई अन्य प्रश्नहरू वा जिज्ञासाको उत्तर वा सहायता चाहिएमा तल सम्पर्क गर्नुहोला
    - तपाईंको विद्यालय, कलेज वा विभागको मानव संसाधन विभाग hr.wisc.edu/contact.
    - मानव संसाधन विभागको कार्यालय (608) 265-2257 or *furlough*@ohr.wisc.edu.

अनुवाद र दोभाषे सेवाका लागि, कृपया सांस्कृतिक भाषागत सेवामा फोन गर्नुहोला:

ESPAÑOL / *SPANISH:* (608) 265-0838; HMOOB / *HMONG:* (608) 263-2217
བོད་ཡིག / *TIBETAN:* (608) 890-2545; 中文 / *CHINESE:* (608) 890-2628; नेपाली / *NEPALI:* (608) 262-7521